# फाल्गुनन्द राजपत्र

फाल्गुनन्द गाउँपालिका द्धारा प्रकाशित

खण्ड-८ संख्या-२ मिति२०८२/०८/११

भाग-२

फाल्गुनन्द गाउँपालिका

कोशी प्रदेश, नेपाल

आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०८२ ,

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फात्तेप, पाँचथर

# आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्विकृत मितिः २०८२/०८/१०

# आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ताप्लेजुङ, कोशी प्रदेश, नेपाल २०७३

प्रस्तावनाः

फाल्गुनन्द गाउँपालिकाभित्रका कुनैपनि नागरिक आधारभुत स्वास्थ्य सेवाबाट बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, गाउँपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकाँरी, व्यवस्थित र गुणस्तरीय बनाउन, गाउँपालिकाले स्थापना गरेको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी विधि निर्धारण गर्न वाञ्छनीय भएकोले फाल्गुनन्द गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको (ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अस्पताल" भन्नाले फाल्गुनन्द गाउँपालिकाले सञ्चालन गरेको फाल्गुनन्द आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले फाल्गुनन्द गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक मध्ये अस्पताल प्रमुख को रूपमा नियुक्त वा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले फाल्गुनन्द गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(छ) "कार्यविधि भन्नाले आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापत कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ज) "संयोजक भन्नाले स्थाई कर्मचारी मध्येबाट समितिले गाउँपालिका र अन्य निकायसँग समन्वय, पत्राचार आदि कार्य गर्न तोकेको व्यक्तिलाई सम्झनुपर्छ ।

(झ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका सम्झनुपर्छ ।

(ट) "गाउँपालिका क्षेत्र" भन्नाले फाल्गुनन्द गाउँपालिकाको प्रशासनिक भू-भाग सम्झनुपर्छ ।

(ठ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाधक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनुपर्छ ।

(ड) "समिति" भन्नाले दफा ३ बमोजिम गठित आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ढ) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

## परिच्छेद -२

## अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

३. समितिको गठनः

(१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सदस्यहरु रहने गरी एक व्यवस्थापन समिति हुनेछ ।

(क) गाउँपालिका प्रमुख - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक विकास समितिका संयोजक सदस्य

(घ) अस्पताल रहेको वडाको वडाअध्यक्ष- सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय स्वास्थ्यक्षेत्रको विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको एक जना दलित महिला- सदस्य

(च) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ज) अस्पताल प्रमुख-सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, इन्जिनियर जनप्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४. पदावधिः समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ । तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ।

५. पदावधि रिक्त हुनेः निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटकसम्म समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

६. काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम स्वास्थ्य सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवम् दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्नुका साथै वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

(घ) अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाहरुको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धि राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवम् वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

(झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर राखि अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याङ्क अध्यावधिक गर्न एवम् सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारको व्यवस्थापन गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिकाको सामाजिक विकास समिति र जन स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान

गर्ने पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(न) अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

(प) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका जनगुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच.एम.आइ.एस. अनुसार तयार गरि डि.एच.आई.एस.२ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

(ब) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु सञ्चालनका लागि समन्वय र सहयोग गर्ने ।

(म) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ७. समितिको बैठक र सञ्चालन विधिः

(१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा तीन महिनामा एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर तत्काल कुनै महत्वपूर्ण निर्णयहरु गर्नुपरेमा जुनसुकै अवस्थामा पनि बैठक बोलाउन बाधा पर्ने छैन ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय बैठकमा उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् । तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद -३
## कोष तथा लेखा परीक्षण

**८. अस्पतालको कोषः**

(१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) गाउँपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानिबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिस्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**९. कोष तथा खाता सञ्चालनः**

(१) व्यवस्थापन समिति र अस्पतालको आय व्यय चुस्तदुरुस्त राख्न समितिले निर्णय गरी तोकिएका २ जना पदाधिकारी र कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालत गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फर्छ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१०. लेखा परीक्षणः

(१) अस्पताल व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(३) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको श्रेस्तासँगै महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

११. **बैठक भत्ताः** समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धि अन्य खर्च गाउँपालिकाको आर्थिक ऐन बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ । अपुग भएको खण्डमा गाउँपालिकाले व्यहोर्नुपर्नेछ ।

१२. **सेवा शुल्क सम्बन्धि व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर, निःशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइनेछैन ।

## परिच्छेद -४

## जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

१३. कर्मचारी व्यवस्थापनः

(१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपूर्ति हुने स्थायी जनशक्ति,

(ख) करारः करार सेवामा भर्ना गरिएका जनशक्ति,

(ग) अभ्यासकर्ताः छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विधार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी,

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु,

(ङ) विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टनसिप (OJT) विद्यार्थीहरु ।

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्नेगरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) सेवा करारमा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा, शर्त र सुविधा प्रचलित कानूनमा व्यवस्था भए भन्दा कम नहुनेगरी समितिले निर्धारण गर्नेछ ।

(५) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(६ ) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरबन्दी संशोधन गर्न सक्नेछ ।

(७) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ ।

(८) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।

(९) अस्पतालका प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसँग अस्पताल प्रमुखले कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ ।

(१२) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१४. **अभ्यासकर्ता सम्वन्धी व्यवस्थाः** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम योग्यता पुगि सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार लगाउन सक्नेछ ।

१५. **कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः** कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानून बमोजिम तथा समितिले निर्णय बमोजिम हुनेछ ।

१६. **अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः**

(१) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यन्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

(२) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने ।

(३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिम गर्ने गराउने ।

(५) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने ।

१७. औषधि खरिद, भण्डारण तथा वितरण:

(१) गाउँपालिकाबाट निःशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा गाउँपालिकासँगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरिद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना बनाई गाउँपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

(३) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनुपर्नेछ ।

(५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नुपर्नेछ ।

(६) औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी वनाउन अस्पताल प्रमुखले एकजना व्यक्ति तोक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी सेस्ता मिलाउनुपर्ने र दैनिक औषधिको खपतलाई मौज्जात दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राखुपर्नेछ ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखि व्यवस्थापन समितिसमक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(९) प्रेस्कृप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

(क) औषधिको सेवन विधि र मात्रा

(ख) औषधिको सेवन अवधि,

(ग) औषधिबाट हुनसक्ने प्रति असर,

(घ) औषधि सेवन अवधिभर अपनाउनुपर्ने सावधानी,

(ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि ।

(१०) औषधि वितरण गर्दा औषधि विक्रि वितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

(११) अस्पतालले आपूर्ति व्यवस्थापन सूचनाप्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ ।

१९. फार्मेसी सञ्चालन गर्नेः

(१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले फार्मेसी सञ्चालन गर्नेछ ।

(२) फार्मेसीमार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

(३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र फार्मेसी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

२०. एम्बुलेन्स संचालनः

(१) अस्पतालले आफ्नै स्रोतबाट, गाउँपालिकाबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सञ्चालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२१. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः

(१) अस्पतालले चौबिसै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सबैले देख्नेठाउँमा राख्नुपर्नेछ ।

(४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नुपर्नेछ ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिनेछैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

२२. सेवा व्यवस्थापनः

(१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमर्जेन्सी कक्ष, सामान्य सल्यक्रिया कक्ष, विशेष सल्यक्रिया कक्ष, सुरक्षित मातृत्व कक्ष, परिवार नियोजन कक्ष, किशोरकिशोरीमैत्री कक्ष, पोषण कक्ष, खोप कक्ष, स्तनपान कक्ष, क्षयरोग, कुष्ठ रोग तथा एच.आइ.भी. एड्स कक्ष, सरुवा रोग तथा महामारी रोग नियन्त्रण कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, एकीकृत वालरोग व्यवस्थापन कक्ष, निर्मलीकरण कक्ष, भण्डारण कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका

लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ ।

(३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समयतालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यबस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।

(७) विरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्ने छ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलब्धता गराउनुपर्नेछ ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलगअलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पञ्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलगअलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरुमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८)अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको २० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ । थप निशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखि गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ ।

(२१) अस्पतालको भवन, सवारीसाधन, मेसिनरी औजार, यन्त्र, उपकरण, र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने ब्यबस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा ञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गर्नेछ ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ । साथै अस्पतालमा हवीलचेयर, ट्रली, स्टेचर राखुपर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२७) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद -५
## सूचना अभिलेखीकरण र गुनासो व्यवस्थापन

**२३. अस्पताल सूचना प्रणाली:**

(१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।

(३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसूची - १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राखुपर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिनेगरी राख्नुपर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्ने छ ।

(७) अस्पतालभित्र प्रभाबकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियनान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस.टु मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

**२४. गुनासो व्यवस्थापनः**

(१) अस्पतालले सबैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा बोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ ।

**२५. प्रेषण सम्बन्धी व्यवस्थाः**

(१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदन्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ ।

(६ ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था, गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा सोको विवरण अद्यावधिक रुपमा राखुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसुची २ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

(क) बिरामीको परिचय पत्र नं.,

(ख) मुख्य समस्याहरू,

(ग) परीक्षण विवरण,

(घ) उपचारको क्रममा अपनाइएको प्रकृया,

(ङ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि,

(च) गरिएको उपचारको विवरण,

(छ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्दति, औषधिको मात्रा, प्रकृया तथा अवधि,

(ज) पुनः आउनुपर्ने वा नपर्ने जानकारी,

(झ) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश,

(ञ) अन्य आवश्यक कुराहरू ।

## परिच्छेद -६
## विविध

२६. **अस्पतालको छाप:** अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छाफ्को नमूना र आकार अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२७. **अस्पतालको संगठन संरचना:** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ । सङ्गठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ । तर गाउँपालिकाले आफ्नै संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी लागु नभएसम्म नेपाल सरकारको आधारभुत अस्पताल सञ्चालन मापदण्ड, २०८१ को अनुसुची २(क) बमोजिम हुनेछ ।

२८. **साझेदारी गर्नसक्ने:** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नति सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री तथा एम्बुलेन्स सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२९. वार्षिक प्रतिवेदन पेश गर्नेः समितिले वर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३०. निर्देशन पालना गर्नुपर्नेः कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३१. गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः गाउँपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन ।

३२. अधिकार प्रत्यायोजन गर्नसक्नेः समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. कार्यविधिको पालना गर्नुपर्नेः यस कार्यविधिको पालना गर्नु गाउँपालिका भित्रको सरकारी अस्पतालको दायित्व हुनेछ ।

३४. व्याख्या गर्ने अधिकारः यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आईपरेमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ३५. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

३६. संसोधनः यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ ।

३७. बचाउ र खारेजीःयस कार्यविधीमा उल्लेख भएका विषयमा बाझिएको खण्डमा प्रचलित कानुनबमोजिम हुनेछ ।

अनुसूची-१

अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक वडापत्रको ढाँचा

| सि. नं. | शाखा। वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-२

डिस्चार्ज सारांशको ढाँचा

| फाल्गुनन्द आधारभूत अस्पताल<br>डिस्चार्ज सारांश | |
|---|---|
| विरामीको नामः | उमेरः |
| विरामीको ठेगानाः | सम्पर्क नं. |
| अस्पतालको वार्डः | युनिटः |
| विरामीको परिचयपत्र नं./दर्ता नं. | मितिः |
| समस्याहरुः | |
| परीक्षण विवरणः | प्रारम्भिक निदानः<br>अन्तिम निदानः |
| उपचार प्रक्रिया र पद्धति | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः<br>भर्ना भएको मिति र समयः | |
| अन्य आवश्यक कुराहरु/सुझाव | सिफारिस औभधिको नाम, मात्रा र अवधि |
| अस्पताल पुनः आउने (Follow Up) | |
| ..........................<br>इन्चार्जको हस्ताक्षर | |

अनुसूची-३

अस्पतालको छापको नमूनाः

(१) छापको नमूनाः फाल्गुनन्द गाउँपालिकाको लोगोको ठिक तल भागमा फाल्गुनन्द आधारभूत अस्पताल

फाल्गुनन्द गाउँपालिका वडा नं.-५ फाक्तेप, पाँचथर

स्थाः २०८२

(२) छापको आकारः नेपाल सरकारको प्रचलित कानुन वमोजिम हुनेछ ।

आज्ञाले

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत